आर्थिक बर्ष : २०७९/८०
बैठक संख्या : १४

आज मिति २०८०/०२/०५ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना योजना शाखा प्रमुख
श्री ईश्वर चापागाईं आर्थिक प्रशासन शाखा प्रमुख

CamScanner

मिति :२०८०/०२/०५

## निर्णय नं. १

विरुवा गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद सम्बन्धमा छलफल गर्दा भू-उपयोग ऐन २०७६ को दफा १८ को उपदफा १ र २ बमोजिम तथा भू - उपयोग नियमावली २०७९ अनुसार सम्वन्धित गाउँ कार्यपालिकाले स्थानीय भू-उपयोग परिषदको रुपमा काम गर्ने भनि उल्लेख गरेको हुँदा, सोहि बमोजिमको तपसिल अनुसार स्थानीय भू-उपयोग परिषद गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

गाउँपालिका अध्यक्ष : संयोजक

गाउँपालिका उपाध्यक्ष : सदस्य

कार्यपालिका सदस्य सबै : सदस्य

प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिब

## निर्णय नं. २

भू-उपयोग कार्यन्वयन समिति सम्बन्धमा छलफल गर्दा भू-उपयोग ऐन २०७६ को दफा २० बमोजिम स्थानीय भू-उपयोग परिषदको कार्यमा सहयोग गर्न विरुवा गाउँपालिकामा देहाय बमोजिमको भू-उपयोग कार्यन्वयन समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिल</u>

१) विरुवा गाउँपालिका अध्यक्ष – श्री सूर्य बहादुर कुँवर अध्यक्ष
२) वार्ड नं १ का वार्ड अध्यक्ष श्री राजेन्द्र के.सी. सदस्य
३) वार्ड नं २ का वार्ड अध्यक्ष श्री नोम बहादुर गुरुङ सदस्य
४) वार्ड नं ३ का वार्ड अध्यक्ष श्री मनु करमारी राना सदस्य
५) वार्ड नं ४ का वार्ड अध्यक्ष श्री मुक्त बहादुर गुरुङ सदस्य
६) वार्ड नं ५ का वार्ड अध्यक्ष श्री ङन बहादुर थापा सदस्य
७) वार्ड नं ६ का वार्ड अध्यक्ष श्री कृष्ण बहादुर क्षेत्री सदस्य
८) वार्ड नं ७ का वार्ड अध्यक्ष श्री मेखराज गुरुङ सदस्य
९) वार्ड नं ८ का वार्ड अध्यक्ष श्री नविन कुमार आले सदस्य
१०) विरुवा गाउँपालिका कार्यालयमा कार्यरत

क) कृषि शाखा प्रमुख श्री सरस मरासिनी सदस्य
ख) प्रशासन शाखा प्रमुख पिताम्बर पोखेल सदस्य
ग) प्राविधिक शाखा प्रमुख प्रमिला पौडेल सदस्य

CamScanner

घ) योजना शाखा प्रमुख श्री दिपक ढुङ्गाना सदस्य

११) स्थानीय भु-उपयोग परिषदले सरोकारवालाबाट तोकेको २ जना महिला सहित ४ जना सदस्य :

क) गोपाल कोईराला विरुवा ६

ख) हिमालजंग के.सी. विरुवा १

ग) वेलमाया राना विरुवा ५

घ) तिल कुमारी सार्की विरुवा २

१२) विरुवा गाउँपालिकाका प्रमुख प्रसासकिय अधिकृत श्री चन्द्रकान्त भण्डारी – सदस्य सचिव

**निर्णय नं. ३**

भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका आधारमा भू-उपयोग मापदण्ड तयारीका लागि विरुवा गाउँपालिका क्षेत्रको भू-उपयोग मापदण्ड २०८० स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ४**

भू-उपयोग योजना तयारी सम्बन्धमा छलफल गरि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, परामर्शदाता, बिज्ञ सदस्य र सम्पूर्ण वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्यहरुको उपस्थितिमा भू उपयोग ऐन २०७६ र भू उपयोग नियमावली २०७९ को प्रावधान अनुरुप यथाशिघ्र स्थानीय भू उपयोग योजना तयार गरी स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ५**

विरुवा गाउपालिकाको स्थानीय भू उपयोग योजना तयार गर्ने प्रयोजनका लागि वडा स्तरीय छलफल तथा भेला वडागत रुपमा तपसिल मितिमा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

वडा नं. १ मिति २०८०/२/१४

वडा नं. २ मिति २०८०/२/१४

वडा नं. ३ मिति २०८०/२/१३

वडा नं. ४ मिति २०८०/२/१३

वडा नं. ५ मिति २०८०/२/१२

वडा नं. ६ मिति २०८०/२/१२
वडा नं. ७ मिति २०८०/२/१०
वडा नं. ८ मिति २०८०/२/१०

**निर्णय नं. ६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको मिति २०८०/०१/०८ च.नं. ४९९७२ को पत्रको व्यहोरा बमोजिम विरुवा गाउँपालिका वडा नं. ६ स्थित जनप्रिय माध्यमिक विद्यालयमा २०७८ सालमा विरुवा गाउँपालिकाबाट कक्षा ११ र १२ का विद्यार्थीको पाठ्यपुस्तक अनुदानका लागि दिईएको रकमको भुक्तानी सम्बन्धमा परेको उजुरीमाथी आवश्यक छानविन गरी काम शुरु गरेको १५ दिनभित्र कार्यालयमा प्रतिवेदन पेश गर्न लेखा समिति संयोजक श्री मुक्त बहादुर गुरुङको अध्यक्षतामा तपसिल सदस्यहरु रहेको छानविन समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :
श्री मुक्त बहादुर गुरुङ – संयोजक
श्री श्रीकुमार थापा – सदस्य
श्री पूर्ण बहादुर अधिकारी – सदस्य
श्री शंकर चापागाई – सदस्य
श्री जिवलाल भुषाल – सदस्य सचिव

**निर्णय नं. ७**

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल:
शेरा सालडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति विरुवा ४ (झाक्रिथान खानेपानी मूल)
वृहत माथिल्लो वलेउ खानेपानी तथा सरसफाई उपभोक्ता समिति विरुवा ७ (कलठुटा खानेपानी मूल)

CamScanner

निर्णय नं. ८

विरुवा गाउँपालिका कार्यालयको निर्माणाधिन भवनका लागि ट्रान्सफरमर खरिद तथा विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरण स्याङ्जाले पेश गरेको लगत ईस्टीमेट बमोजिमको रकम विद्युत प्राधिकरणको खातामा अग्रिम जम्मा गरिदिनुपर्ने व्यवस्था अनुरुप लगत ईस्टीमेटको कुल रकममध्ये रु ५ लाख बिद्युतीकरण कार्यक्रम खर्च शिर्षकबाट र अपुग रकम रु ५ लाख ४९ हजार अठासी रुपैया प्रशासकीय भवन निर्माण खर्च शिर्षकबाट गरी रु १० लाख ४९ हजार अठासी रुपैया नेपाल विद्युत प्राधिकरण स्याङ्जा वितरण केन्द्रको बैंक खातामा जम्मा गरि विद्युतीकरणको कामलाई यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो। साथै आगामी असार १ गतेदेखी नयाँ कार्यालय भवनबाट सेवा प्रबाह सुरु गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ९

विरुवा गाउँपालिकाको आगामी आ.ब.२०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम निर्माणका लागि वडा कार्यालयहरुले २०८०/०२/२५ गतेभित्र टोल र बस्तीस्तरबाट योजना छनौट गरिसक्ने तथा २०८०/०२/२८ गतेतभित्र वस्तीस्तरबाट संकलन गरिएका तथा वडा कार्यालय अन्तर्गतका योजनाहरु विद्यमान कानुनी व्यवस्था, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तय गरेको वडागत बजेट सिलिङ र बजेट निर्माण मार्गदर्शनको अधिनमा रही प्राथमिकताका आधारमा गाउँपालिका कार्यालयमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. १०

विरुवा गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई प्रोत्साहन गर्ने उदेश्यले विरुवा गाउँपालिका कार्यालयबाट वितरण गरिने विभिन्न कृषि उपज (अदुवा, बेसार, धान, मकै, फलफुल, आदी) को बिउ तथा बेर्नाहरु खरीद गर्दा स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी खरीद तथा वितरण गर्ने र स्थानीय उत्पादनले आवश्यकता परिपूर्ती गर्न नसकेमात्र गाउँपालिका क्षेत्र बाहिरबाट खरीद गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ११

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा भएका परिपत्र, निर्देशन तथा सुझावहरुमाथि छलफल गरी उक्त सुझावहरु कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

CamScanner